# कागेश्वरी मनोहरा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौँ

बागमती प्रदेश, नेपाल

**आन्तरिक आयको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी पुनः तेस्रो पटक बोलपत्र आह्वानको सूचना**

**सूचना प्रकाशित मिति: २०८०।०५।२८**

(प्रथम पटक प्रकाशित मिति: २०८०/०३/२५)

(दोस्रो पटक प्रकाशित मिति: २०८०।०४।२९)

प्रस्तुत सम्बन्धमा "स्थानीय सरकार संचालन ऐन, २०७४" को परिच्छेद ३ को दफा ११ घ ६ तथा "प्रदेश आर्थिक ऐन, २०७९" को दफा ९ र अनुसूची ५ मा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने यस नगरपालिकाको आन्तरिक आय संकलनका लागि राजश्व परामर्श समितिको मिति २०८०/०१/२५ को सिफारिस तथा सातौ नगरसभाको मिति २०७९।११।०२ को निर्णयानुसार आ.व. २०८०/०८१ का लागि आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने प्रदेश सरकारबाट तोकिएको दररेटमा कागेश्वरी मनोहरा नगरपालिकाबाट निकासी भई जाने (पशुपति क्षेत्र विकास कोषको जग्गा बाहेकमा) ढुंगा, चुनढुंगा, गिटी, बालुवा, स्लेट, ग्राबेल, चिप्स, माटोमा संकलन तथा बिक्री शुल्क उठाउने कार्यको लागि ठेक्का लिन इच्छुक फर्म वा कम्पनीबाट तोकिएको न्युनतम रकममा नघट्ने गरी निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको १५ (पन्ध्र) दिने पुनःबोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु**

१. बोलपत्र सम्बन्धी कागजात बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट down load गरी प्राप्त गर्न सकिने छ । सो को लागि रु.५०००।- (अक्षरेपि पाँच हजार रुपैयाँ मात्र) (पछि फिर्ता नहुने गरी) निम्न बैंकमा बैंक भौचर भरी सो भौचरको Scanned copy (pdf format) बोलपत्र सम्बन्धी कागजात electronic submission गर्दा संलग्न गरी पेश गर्नु पर्नेछ ।

**बैंकको विवरण**

बैंकको नामः- NIC Asia Bank Limited

खातावालाको नामः- कागेश्वरी मनोहरा नगरपालिका

खाताको नामः- ग १.१ आन्तरिक राजश्व खाता

खाता नं.: ०१८२०५००२९५४५००२

२. बोलपत्र फारामसाथ धरौटी बापत मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको NIC Asia, थलीमा रहेको धरौटी खाता नं. 18CA051127352401 मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचना जारी भएको मितिले कम्तीमा १२० दिनको म्याद भएको यस

कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वितिय संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) लाई Scan गरेर PDF Format मा upload गरी संलग्न गर्नुपर्नेछ । साथै फर्म वा कम्पनीको नविकरण गरिएको इजाजत प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्रलाई Scan गरेर PDF Format मा upload गरी मिति २०८०।०६।१२ गते दिनको १२:०० बजेभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट www.bolpatra.gov.np/egp बाट electronic submission गर्नुपर्नेछ ।

३. प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८०।०६।१२ गते दिनको ठिक १:०० बजे प्रस्तावदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुनै बाधा हुने छैन ।

४. बोलपत्र पेश गर्ने एवं खोल्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिन दिनको १२ बजे सम्म दाखिला गर्ने तथा सोही दिनको १ बजे बोलपत्र खोल्ने समय कायम हुनेछ ।

५. कुल कबोल अंकलाई ३ किस्ता कायम गरिने छ । पहिलो किस्ता वापत कुल कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता हुन अगाबै बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत कबोल अंकको ३० प्रतिशत ले हुन आउने रकम २०८० साल कात्तिक मसान्त भित्र र तेश्रो किस्ता वापत कबोल अंकको ३० प्रतिशतले हुन आउने रकम २०८० साल चैत्र मसान्त भित्र बुझाउनु पर्नेछ ।

६. प्रथम किस्ता बुझाएपछि बाँकी हुन आउने रकमको २०८२ भाद्र मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त 'क' बर्गको बाणिज्य बैंकबाट जारी भएको कार्य सम्पादन जमानत (Performance Bank Guarantee) पेश गर्नुपर्नेछ ।

७. आ.व. २०८०/०८१ मा विशेष कारणबाट सवारी साधन चल्न नपाउने गरी निषेधाज्ञा/लकडाउन लागु भएमा सो अवधिको रकम दिन गन्ती गरी फिर्ता गरिनेछ ।

८. सुरु सम्झौता गर्दा कारणबस तोकिएको अवधि भन्दा ढिला हुन गएमा जति दिन ढिलो हुन्छ वार्षिक कबोल रकम अनुसार प्रतिदिन दामासहिले हुन आउने रकम घटाई सम्झौता रकम कायम गरिनेछ ।

९. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा बाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन ।

१०. बोलपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

११. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वास्थ नबाझिएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वःघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

१२. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन ।

१३. नेपाल सरकारको प्रचलित कानुन बमोजम लाग्ने आयकर मुल्य अभिबृद्धीकर तथा शुल्कहरु प्रस्तावक स्वंयले तिर्नुपर्नेछ । कार्यालयमा बुझाउनुपर्ने सम्पुर्ण रकम र कर बुझाई सकेपछी मात्र धरौटी रकम फिर्ता हुनेछ ।

१४. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१५. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा प्रचलित कानुन तथा यस नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।